# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीथाती, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या. :- ०७७/७८
चलानी नं. :- १५

मिति २०७७।०४।०१

**न्युनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना ।**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५ को दफा १८ बमोजिम आर्थिक वर्ष २०७७/०७८ मा स्थानिय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७६ चैत महिनामा आफुले स्थायी बसोबास गरेको स्थानिय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सुचिमा सुचिकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को अनुसूचि १ बमोजिम हुनुपर्ने छ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट : www.pmep.gov.np वा विहादी गाउँपालिकाको वेवसाइट : www.bihadimun.gov.np बाट प्राप्त गर्न सकिने छ । विस्तृत जानकारीको लागी विहादी गाउँपालिकाका रोजगार संयोजक श्री नविन्द्र भुर्तेल (९८६७६४२७८५) तथा सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

निवेदन दिन आउँदा तपसिल बमोजिमका कागजातहरु अनिवार्य रुपमा ल्याउनु हुन अनरोध गरिन्छ ।

**तपसिल**

१. निवेदन दिने व्यक्तिको नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपी
२. निवेदन दिने व्यक्तिको फोटो एक प्रति
३. परिवारका सम्पूर्ण सदस्यहरुको नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपी (नागरिकता नबनेको हकमा जन्म दर्ताको प्रतिलिपी)
४. बसाइसराई गरि आएको भए बसाइसराईको प्रतिलिपी
५. परिवारमा अपाङ्ग सदस्य भएमा अपाङ्गताको प्रकृति खुल्ने प्रमाणपत्रको प्रतिलिपी
६. आवेदकले हासिल गरेको सिप भएमा सिप सम्बन्धी प्रमाणपत्रको प्रतिलिपी

वि.प्रमुख प्रशासकीय अधिकृत